CC-0. In Public Domain. Digitization by eGangotri

दर्ता नं. 102 ने. 2606

महाकाव्य 2606

शाहवंश महाकाव्य

दोश्रो र तेश्रो सर्ग

काठमाडौं
२०१९

दर्ता नं. 1025

लेखक
पं. गुणराज उपाध्याय

२०२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
नं 9025 नं. 2606
रा.सं.म.वि.

शाहवंश महाकाव्य

दोश्रो र तेश्रो सर्ग

संस्कृतमहाविद्यालय पुत्तलीसडक काठमाडौं (नेपाल) स्थित पुस्तकालयको लागि समर्पित ।
2022।2।23।7मा

लेखक

पं. गुणराज उपाध्याय

(सर्वाधिकार लेखकमा सुरक्षित)

प्रथम संस्करण २०००

मूल्य १।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहवंश महाकाव्य

दोस्रो—सर्ग

राजा नभैकन, त, शासन शान्तिसाथ
चल्दोरहेनछ भनी बुझिएछँदा, त ॥
सारा महर्षिहरूले मनुलाइ छानी
सुम्पे जगत् उसवखत् "नरदेव"—मानी ॥

१

श्री सूर्य पुत्र हुनु भै मनु आदिराज
प्रारम्भ भो नियम-सङ्गत-राज-काज ॥
उन्कै पवित्र कुलमा अनि सूर्य-वंशी
राज उदाउन गए सब देव-अंशी ॥

२

भूमण्डलै सकल यो गरि भाग-बण्डा
आफ्नो लिएर उहि उन्नत-आर्य-झण्डा ॥
राजर्षि-वीरहरू ती, छरिएर सारा
पाए मनुष्यहरूले नृपको सहारा ॥

३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठानेर निर्मल भनी यहि वंशलाई
नारायणै पनि त, राम बनेर आई ॥
मारेर रावण, विनाश गरेर लंका
राजा हुँदै रहनुभो कि, जगन्नियन्ता ॥

४

यो वंशको त्यति ठुलो महिमाछ भन्दै ॥
त्यो एक एक गरि गिन्ति गरेर गन्दै ॥
श्री व्यास वाल्मिकि र भास र कालिदास
कैयौं भए कविहरू कृत, कृत्य खास ॥

५

त्यत्रो पवित्र कुलमा लिइ जन्म आई
राजा भएर झलमल्ल हुँदै उदाई ॥
श्री द्रव्यशाह सजिए पछि गोरखामा
अर्कै भएछ मुलुकै स्थिति-सभ्यतामा ॥

६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्याय कत्ति नपरोस् भनि रैति साथी
सर्वत्रनै सहज-कोमल-दृष्टि राखी ॥
आफैँ खडा रहनुभै प्रभु–गोरखेश
त्यो गोरखा भरि सबै स्थिति सुधिएछ ॥

७

ठालू–ठुलाहरू मिलेर गरी फटाही
जो पिर्दथे गरिबलाइ सँधै सताई
त्यस्ता ति–दुष्टहरूको मन काँप्न थाली
सोझा भएर निहुरे छलजाल छाडी ॥

८

राजा उदाउनु हुँदा प्रभु गोरखेश
निर्धक्क साथ डरको नरहेर लेश ॥
द्वारा सरी पुरवधूहरू जग्मगाई
फेरी त्यहाँ सहर भित्र घुमे रमाई ॥

९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारी र ओढनि पनी पुर-सुन्दरीको
सर्ला भनेर डरले नवगेर छीटो ॥
हावा स्वयं अदबसाथ चल्यो त्यहाँ, त
को गर्दथ्यो तिनिहरू तिर दृष्टि-पात ॥

१०

देखे पनी सडकमा गहना खसेकै
त्यो टिप्न आइ अरूले न उठाउनेभै ॥
त्यो ठाउँमा अनि त, के हुनगो र धोका
खुल्दै रहे घरघरै दिनरात ढोका ॥

११

केही जघन्य-अपराध हुनै नपाई
आनन्द साथ दुनियाँ रहँदा रमाई ॥
जोडा मिलेर दुलही सरहै नयाँ, ती
अर्कै भइन् चहकिली पृथिवी त्यहाँकी ॥

१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रताप भइ भूपतिको अनौठा
त्यो स्वर्ग झैं पृथिविखण्ड भएर यौटा ॥
लागेन रोग र, बुढ़े नभए समान
सारा प्रजा हुन गए बलिया जवॉन ॥

१३

जाडो र गर्मि पनि ठिक गरेर खेली
बर्सेर मेघ, अनिकाल परेन फेरि ॥
उब्जा पनी पृथिविमा सब चौगुना भै
त्यो आर्य-राज-महिमा फिँजियो त्यहाँ गै ॥

१४

दुःखी दरिद्र नरहुन् दुनियाँ तमाम–
भन्दै, यथा उचित वृत्ति दिएर खान ॥
शिक्षा प्रबन्ध गरि बालक-बालिकाको
साक्षात् पिता हुनु भयो प्रभु नै प्रजाको ॥

१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारी र ओढनि पनी पुर-सुन्दरीको
सर्ला भनेर डरले नवगेर छीटो ॥
हावा स्वयं अदबसाथ चल्यो त्यहाँ, त
को गर्दथ्यो तिनिहरू तिर दृष्टि-पात ॥

१०

देखे पनी सडकमा गहना खसेकै
त्यो टिप्न आइ अरूले न उठाउनेभै ॥
त्यो ठाउँमा अनि त, के हुनगो र धोका
खुल्दै रहे घरघरै दिनरात ढोका ॥

११

केही जघन्य-अपराध हुनै नपाई
आनन्द साथ दुनियाँ रहँदा रमाई ॥
जोडा मिलेर दुलही सरहै नयाँ, ती
अर्कै भइन् चहकिली पृथिवी त्यहाँकी ॥

१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रताप भइ भूपतिको अनौठा
त्यो स्वर्ग झैं पृथिविखण्ड भएर यौटा ॥
लागेन रोग र, बुढ़े नभए समान
सारा प्रजा हुन गए बलिया जवाँन ॥

१३

जाडो र गर्मि पनि ठिक गरेर खेली
बर्सेर मेघ, अनिकाल परेन फेरि ॥
उब्जा पनी पृथिविमा सब चौगुना भै
त्यो आर्य-राज-महिमा फिँजियो त्यहाँ गै ॥

१४

दुःखी दरिद्र नरहुन् दुनियाँ तमाम–
भन्दै, यथा उचित वृत्ति दिएर खान ॥
शिक्षा प्रबन्ध गरि बालक-बालिकाको
साक्षात् पिता हुनु भयो प्रभु नै प्रजाको ॥

१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श-सद्गुण यही फिँजिँदै उहाँको ॥
हावा र पानि पनि शुद्ध हुँदै त्यहाँको ॥
त्यो राजभक्त दुनियाँ पनि आफुलाई
सुम्पेर राज-पदमै खुसिभो रमाई ॥

१६

राजा भएर म त रक्षक हूँ प्रजाको–
भन्ने, स्वधर्म यहि बुझ्नु भएर साँचो ॥
श्री द्रव्यसाह पनि ता अति हर्ष साथै
हेर्नु हुने मुलुकको परिबन्ध आफैँ ॥

१७

राजा प्रजा यसरि एक हुँदै त्यहाँ, त
प्यारो भएर रहँदा सुख शान्ति साथ ॥
पाएन छिद्र अरू दुश्मनले त्यहाँको
भो, एउटै मुलुक अद्भुत कै नयाँ, त्यो ॥

१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कायं गरेर मुलुकै यसरी तमाम
आफन्तलाइ अनि वक्सनु भै इनाम ॥
नारायणे गुरु तिनी अरयाललाई
मान्नू भयो गुरुजिको पदवी चढाई ॥

१९

मन्त्री प्रधान भइ फेरि गणेश पाँडे
काजी बनीकन ठुलो पद थाम्न थाले ॥
सर्वेश्वरै तिनि खनाल बने पुरोधा
तीं बोहरा फउज तालिम गर्न जोधा ॥

२०

ती पन्थजी चुनिइ हाकिम कोश-पट्टी
राना भए मगर ती नगराभिरची ॥
सोझा यिनै छ थरलाइ दिएर मान
राजा खुसी हुनु भयो करुणानिधान ॥

२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफन्त सेवक भनी त्यति मान राखी
फेरी तिनै छथरलाइ अगाडि राखी ॥
हाम्रो परस्पर यहाँ अनुराग जे छ
सन्तानमा त्यहि रहोस् भनिवक्सिएछ ॥

२२

प्यारो हुकुं नृपतिको त्यति सुन्न पाई
आनन्दले हृदय गद्गदभै रमाई ॥
नारायणै गुरू बुढा अघिसर्न थाली
भन्दै थिए त्यसवखत् यहि विन्ति पारी ॥

२३

आफन्त जानिकन योग्यदया जनाई
जो वक्सियो यसरि इज्जत हामीलाई ॥
त्यस्ले कृतज्ञ भइ हामिहरु तमाम
भन्छौं ,सदा जय रहोस्, करुणानिधान ॥

२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो आश राखिकन पाउ पछाडि पर्दै
हामी चल्यौं दिन र रात अगाडि सर्दै ॥
त्यो पूर्ण भै हुनु भयो प्रभु गोरखेश
अर्को थिएन अभिलाष कुनै विशेष ॥

२५

सन्तानमा अलिकती ममत्ता हुनाले
चिन्ता थियो तिनिहरू प्रति जो कुराले ॥
त्यस्मा पनी वचन यो प्रभुबाट पाई
निर्थक्क भो यस वखत् अब हामीलाई ॥

२६

यो राज-वंशकन मालिक मानि मानी
सन्तान हामिहरूका भइ भाग्यमानी ॥
सेवा गरून् मुलुकको पछि सम्म भन्दै
हामीहरू हुन गयौं कृत कृत्य जम्बै ॥

२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हर्षाश्रुले नजर टल्पल्ल पारि-पारी
आशीप साथ गुरूले यति भन्न थाली ॥
राजा खुसी हुनु हुँदै अडि वक्सिएछ
भन्थ्यो सभा अनि सबै जय गोरखेश ॥

२८

प्राणै समर्पण गरीकन आफुलाई
जस्तो गरे छथर्ल्ले अधिको भलाई ॥
त्यो संझँदै नृपतिघाट कदर्मएको
देखेर धन्य भनि देश खुसी भएथ्यो ॥

२९

राज्ञी गराइ दुनियाँ यसरी त्यहाँका
श्री द्रव्यसाह खुसी भै रहिवक्सँदा, ता ॥
दाज्यू भएर पनि दुश्मन भै उहाँको
जल्दै थिए नृहरिसाह लिएर राँको ॥

३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भएर पनि लंजुँग राज्यका, ती
त्यो भाइका उदयले चिढिएर ताती ॥
धावा म गर्दछु भनीकन गोरखामा
गर्दै थिए नुहरिसाह कुचक्र नाना ॥

३१

श्री द्रव्यसाह त, यतातिरबाट उस्तै ॥
प्यारो गरेर अति आदर साथ झुक्तै ॥
दाज्यै ! सवारि हुनुपर्छ भुमा समेतै
भन्ने खबर्दिनु हुने चिठी पत्र लेख्तै ॥

३२

त्यो प्रेमको चिठि र पत्र-खबर्हरूको
उल्टो लगाइकन अर्थ बडो हलूको ॥
हंला म गर्दछु भनीकन भाइ माथी–
भन्दै थिए, नुहरिसाह, त, भिड्न आँटी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ले अनर्थ अब गर्छ भनेर ठानी
त्यो शोकले रुनु भएर मुमाज्यु रानी ॥
भाई दुवै न भीड, आफुसमा भनेर
रोक्नु भयो नृहरिलाइ अघी सरेर ॥

३४

माताज्युका वचनले अडिँदै अनी, ता
ती रोकिए नृहरिसाह परेर नीचा ॥
तिन्को रहेर मनको अझ कालिमा, त्यो
खोज्दै थिए निहुँ गरी छलसाथ बाटो ॥

३५

पापै चिताइकन भाइ उपर्तमाम
यो दुष्ट चल्दछ भनी भइ सावधान ॥
चेपे नदी विच रगत् स्तनको बगाई
माताज्युले यसरी भन्नुभयो बुझाई ॥

३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो देश लंजुँग, त, पैतृक-राज्य तेरो
त्यो भाइले यस उपर्नगरी झमेलो ॥
ठूलो पराक्रम गऱ्यो भइ गोरखेश
यस्मा तँलाइ ननिको पिर पर्नु के छ ? ॥

३७

मेरा दुवै तिमीहरू प्रिय पुत्र उस्तै
चाहन्छु उन्नति दुवै तिरको म, उस्तै ॥
दाज्यू भएर गरि भाइसँगै मिलाप
बस्नू अनी फिँजिनगो कुलको प्रताप ॥

३८

सेना मिलाइकन दाज्यु र भाइको, त
अर्को प्रदेश पनि फेरि जितेर जोत ! ॥
त्यो माहिलोकन पनी त्यही राज्य देऊ !
भाई सबै नृपति भै सुखशान्ति लेऊ ! ॥

३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो कोख मै तिमीहरू सब जन्मि आयौ
पीएर दूध यहि नै बलिया कहायौ ॥
त्यो दूधको अब अनादर गर्न लागी
चल्छौ भने, भनिदिएँ ठहर्‍यौ अभागी ॥

४०

भिक्कै रगत् हृदयको स्तनबाट मेले
चेपे नदी बिच बगाइ दिएर ऐल्हे ॥
सीमा भनेर यहि लंजुँग-गोरखाको
बाँधी दिएँ शपथ राखि दिएर साँचो ॥

४१

यो पानि होइन, रगत् यही हो मुमा कै
भन्ने बुझेर दुइटै बस, धर्म साथै ॥
जो नाघ्छ पांप मनले अब यो सीमाना
त्यस्को रहन्न अड्दिँदै पछिको निशाना ॥

४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो शराप दिइ वाँध्नु हुँदै सीमाना
माताज्युले रुनु हुँदै अडि बक्सदामा ॥
पापी तिनी नृहरीसाह त चुप्प लागीं
बस्ता भए अरु उपद्रव गर्न छाडी ॥

४३

दाज्यू भनी नृहरिको भरमा परेर
तैले न आउनु यता कहिल्यै भनेर ॥
श्री द्रव्यसाहकन फेरि सुमाज्युबाट
सन्देश बक्सनु भयो अति गोप्य साथ ॥

४४

त्यो गोप्य शिक्षण मिलेर सुमाज्युबाट
पापी भनी नृहरिलाइ बुझेछँदा, त ॥
श्रीद्रव्यसाह अति खिन्न हुनू भएथ्यो
माताज्युको चरण संझी रूनू भएथ्यो ॥

४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भएर गइ पाउपरी मुमाको
आशीप लिन्छु भनि चाह थियो उहाँको ॥
पाएन पुग्न मनको अभिलाप यो, त
दाज्यू त्यही नृहरि शत्रु भएर पो, त ॥

४६

आशीप संझनु हुँदै मनले मुमाको
यस्तै रहेछ भनि चित्त बुझी उहाँको ॥
आफ्नो सवैतिर गरी बलियो सिमाना
बस्नू भयो प्रभु खुमीसित गोरखामा ॥

४७

कान्छो सुपुत्र उहि हो कुलदीप मेरो
उस्कै नजीक रही मनु भलो हुने हो ॥
के जुक्तिले अब पूगूँ म, त, गोरखामा
भन्नू हुने अनि उतातिर राज-आमा ॥

४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माताज्युका हृदयको यहि भाव जानी
सोही निहुँसित ठुलो छल जाल ठानी ॥
भन्दै थिए नृहरिसाह मुमाज्युलाई
आफ्नो लुकाइकन पाप, कुरा मिलाई ॥

४९

कान्छा कुमार विजयी भइ गोरखामा
राजा भए अब भनी सुनिबक्सँदामा ॥
आफैं गएर तिनिलाइ त, भेट्नलाई
इच्छा भएछ बुझियो कि हजूरलाई ॥

५०

मानेर नै हजुरलाइ त राज-माता
झुक्छन् प्रजा सकल लंजुँग-गोरखाका ॥
विन्ती चढाउँछु अनी म पनी तसर्थ
राखेर इज्जत उतातिर जानु पर्छ ॥

५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भएर तिनिले त हजूरलाई
ढोग्ना निमित्त यहिँ पुग्नु थियो मलाई ॥
ठूला भए अब अहो ! किन आउँथे, ती
हुन्छन् दुरुस्त मुखले चिठी-पत्र लेखी ॥

५२

आमा हजूर हुनु भो म, स, दाज्यु खास
तिन्कै थियो सकल लंजुँग के कुरा छ ॥
सुस्वागतै गरि गरी तिनिलाइ हामी
मान्ने थियौं कुन थियो र खराब-हानि ॥

५३

भैगो यतातिर तिनी न फिरुन् ठुला भै
जान्छू म भेट्न तिनिलाइ हजूर साथै ॥
सन्मान पूर्वक लिँदै सब सैन्य हाम्रो
त्यो गोरखा बिच पुगौं यहि हुन्छ राम्रो ॥

५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साथै लिएर घरका दुई चार केटा
हामी त्यतातिर गयौँ खुसीले भने, ता ॥
आई त्यहाँ लिन भनीकन हामीलाई
हाँस्छन् अवश्य दुनियाँ खुसिले गिज्याई ॥

५५

राखेर शानसित लंजुँगको रवाफ
जाऊँ मुमा ! अब छिटो खुसियालिसाथ ॥
भेटेर भाइसित उत्सवसाथ हामी
आनन्द पूर्वक अनी घर पर्कुँला, नी ! ॥

५६

यत्ती भनीकन मुमासित ठिक पारी
राजा तिनी नृहरिसाह अडे अगाडी ॥
तिन्को त्यहाँ मुखतिरै नजरै न हेरी
बोल्नू भयो अनि मुमा चिढिएर फेरि ॥

५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो उपाय यति सोचविचार गर्दै
आईस् कि, सज्जन बनेर अगाडि सर्दै ॥
तेरो कुरा बुझि सकें, अनुसारकाटी
चल्दैन है, मसित कत्ति बुझिस् ! चलाकी ॥

५८

आमा सवारि हुनुभो भेट्नलाई
दौडेर हाज़िर हुने त्यस भाईलाई ॥
पक्रन्छु, लिन्छु अनि राज्य त, गोरखाको
भन्छस्, अहो ! यति त थाह न पाउलाको ॥

५९

माता र पुत्र दुईको यस भेटलाई
षड्यन्त्र साथ छल पूर्ण निहुँ बनाई ॥
राजा हुने मन गरिस् गइ गोरखामा
यो, मान्न सक्तिन बुझिस् ! बुढिया म आमा ॥

६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेरो रहोस् तँ मित, लंजुँगको खबाफ
मेरो छ पुत्रमितको प्रिय– भेट घाट
त्यो गोरखा तिर हिँडेँ, अब, एकली, म
तेरो मुखै पनि त हेर्न म आउँदीन ॥

६१

हप्काउँदै नृहरिलाइ यसै अगाडी
फन्केर निस्कनु हुँदै दरबार छाडी ॥
हिँड्नूभयो सुरुसुरू अनि राज माता
केटीहरू पछीपछी दुगुरे त्यहाँ, तां ॥

६२

पुग्नू भएपछि मुमाज्यु त, गोरखामा
आफ्नो ठुलो अपजसै फिँजिने हुँदामा ॥
हाम्री मुमा त, बहुलाउनुभो भनेर
रोके त्यहीं नृहरिले घरमै थुनेर ॥

६३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नी मुमाकन अनी त्यसगी थुनेको
त्यस्तो खबर्सुनिसुनी अरूले भनेको ॥
श्रीद्रव्यसाह रूनुभो अति छट् पटाई
माताज्युको नजिक पुग्न त हत्पताई ॥

६४

सारा उतारिकन फौज त गोरखाको
उद्धारगर्छु अहिल्यै म भनी मुमाको ॥
श्रीद्रव्यसाह हुनुभो रिसले तयार
गोके त्यहाँ-गुरूजिले गरि होशियार ॥

६५

सीमा बँधान गरि लंजुँग-गोरखाको
चेपे नदी त रगतै हुनगै मुमाको ॥
त्यस्लाई नाघि दिनु धर्म पुगेन भन्दै
संझाउँथे गुरुजि नीति र धर्म भन्दै ॥

६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो सुन्नु भै गुरूजिका हितको भनाई
माताज्युका शपथको पनि याद आई ॥
चेपे नदीकन नाघ्नु भएन भन्दै
राजा स्वयं अडिनुभो मन भित्र गंदै ॥

६७

माताज्यु ता अनि उता थुनिएर फेरी
पापी भनी नृहरिको मुख नै न हेरी ॥
कान्छाकुमार भनि याद गरेर खाली
ढल्नू भयो जल र अन्न समेत छाडी ॥

६८

त्यो शोकको प्रबल भेल छुटे सरीको
आँसू निरन्तर बगेर भलै फुटी गो ॥
तातेर गाथ पिरले ज्वर चढ्न आइ
माताज्युको हृदय दग्ध भएछ, हाई ! ॥

६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै रहेछ अब अत्य भनेर मेरो
गर्नूहुँदै विरहले हृदयै अँधेरो ॥
यो प्राण लेउ भगवन् ! प्रभु राम ! भन्दै
बेहोश नै हुँनु भएछ सुमा न भन्दै ॥

७०

बेहोशिका समयमा पनि बार-बार
हेराम! हेप्रभु ! भनेर गरी पुकार ॥
कान्छा भनेर पनि याद गरेर उस्तै
माताज्यु छट् पट गरी हुनुभो सिकिस्तै ॥

७१

त्यस्तो हुँदा पनि विजोग-दशा सुमाको
भावै पनी हृदयमा न उठी दयाको ॥
आएन भाई भनि दोष लगाइ उल्टो
हान्दै थिए नृहरिसाह अझै अगुल्टो ॥

७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान्छा भनी विरहले गरि रोइ-रोई
त्यो आँसुले मुख पखाल्नु भएर धोई ॥
श्रीरामकै चरणमा अनि राजमाता
पाल्नूभयो नृहरि साथ टुटाइ नाता ॥

७३

वैकुण्ठवास हुनगो यसरी मुमाको—
भन्ने खब सकल सुन्नु भएर साँचो ॥
त्यो दाज्युको अति कठोर कुकर्म संझी
श्री द्रव्यसाह रूनुभो हृदयै न संल्ही ॥

७४

मेरै निमित्त पिरले त्यति दुःखपाई
माताज्युको मरण भो भनि छट्पटाई ॥
श्री गोरखेश्वर पनि रूनुभो विछट्टै
त्यो शोकको विकट चोट न थाम्न सक्कै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्ती र आशिषहरू मनले गुमाको
संझी रहेर अनि आँसु बगाई तातो ॥
कोराबसेर हुनुभै प्रभु मातृ भक्त
दानादिकर्म सब गर्नु भयो प्रशस्त ॥

७६

बास्तै न राखिकन लंजुँगको अनी ता
श्री गोरखेश्वर तटस्थ रहे पनी, ता ॥
भाई भनी नृहरिसाह,त, बार-बार
गर्दै थिए छल टुलो समयानुसार ॥

७७

त्यो राज्य खोस्नुछ भनीकन गोरखाको
देखाउँदै कपटभाव, त, मित्रताको ॥
मेरा तिमी प्रिय-सहोदर भाई भन्दै
लेख्तै थिए निहुँ गरी चिठी पत्र जम्बै ॥

७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोझा भए अब, त, दाज्यू भनेर ठानी
लेखाइको भर परीकन ढुक मानीं ॥
बिर्सीदिँदै नृहरिको सब दुष्टता, त्यो
प्रेमै जनाइ रहने प्रभु गोरखाको

७९

यस्तैपरी समय बित्न गएर धेरै
निशंक भो अब त, भाइ भनी बुझेरै ॥
दाज्यू र भाइ सब हामि बसेर साथ
भेटौँ भनी नृहरिको चिठी गो त्यहाँ, त, ॥

८०

यो श्राद्धको समय आइ पुग्यो पिताको
सोहीबखत् प्रणगरीकन एकताको ॥
भेटेर हामीहरूको मन हुन्छ साफ
भन्ने, थियो नृहरिको चिठिको कुरा,त ॥

८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाई ! तसर्थ तिमि लंजुँग आउ भन्ने-
त्यो पत्र माथि भइ निर्णय गर्नु पर्ने ॥
आज्ञाहुँदा नृपतिबाट, आगाडि सर्दै
बोले तिनै छथरले यहि विन्ति गर्दै,

८२

धोकाहुने नृहरिबाट हजूरलाई
संकेत पाइ पिरले मन छट् पटाई ॥
सन्देश बक्सनु भयो कि, मुमाज्युबाट
त्यो विसँदै कसरि पाल्नु हुने त्यहाँ, त, ॥

८३

कान्छा कुमार सित भेट्छु भनेछँदामा
माग्यो थुनेर जसले छल साथ आमा ॥
दाज्यू भनेर उसकै भर मानि आज–
भन्छौँ सवारि हुनु हुन्न नराधिराज ! ॥

८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् त्यहाँ प्रभु त जानुहुँदै न भन्दै
चिन्ती गरी तिनिहरू अडिएर जम्बै ॥
धर्मै चिताइ रहने प्रभु गोरखेश
निर्धक्क भै यसरि नै भनि वक्सियेछ ॥

८५

यो नीति सम्मत सबै ठिक हो भनाई
त्यो दाजुबाट त भलो न हुने मलाई ॥
जो श्राद्धको निहुँ झिक्यो त्यसले पिताको
त्यस्मा न जानु पनि भन्दछु नीचता भो ॥

८६

त्यो दाज्युको कुटिलजाल फरेब जे, छ
त्यो जानिने न भइ भित्र लुकीरहेछ ॥
यो श्राद्धमा पनि उता न गए मलाई
शंकालु भन्छ दुनियाँ अपकीर्तिगाई ॥

८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो धर्म-संकट ठुलो हुनगै मलाई
जानै पऱ्यो शरण ईश्वरकै चिताई ॥
मान्यो मलाई तउता त्यसले भने, त
त्यो राक्षसै भनि सरासर मानिनेछ ॥

८८

मर्ने शरीर छ यसै म मरेर के भो
यो गरिमा पनि त पुत्र खडाहुने भो ॥
लिन्छौ त्यहाँ तिमिहरू बदला तुरून्त
त्यो लंजुँगै मुलुक निश्चय नाश हुन्छ ॥

८९

त्यस्ले ठुलो छल गरे पनि ता म माथि
बाँचे भनेँ, म पनि धर्म भएर साथी ॥
त्यो पापको सकल भेद खुलेर जानी
त्यस्लाइ थुक्छ दुनियाँ कति नीचमानो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बूढो भएर अथवा मति फिर्न आई
साँचै भए नृहरिको त, सबै भनाई ॥
त्यो प्रेम साथ रसिलो भइ भेट घाट
दाज्यू र भाइ सबको मन हुन्छ साफ ॥

९१

जान्छु तसर्थ मत लंजुँगमा तुरून्त
सोझै चिताइ रहनू पछि वेस हुन्छ ॥
सोझा उपर्छल गरे फल भोग्छ आफैँ
लंकापुरी कमरि संझ त, भो सखापै ॥

९२

आफन्त ती छथरको मुख हेरी हेरी
आफ्नो विचार यति भन्नु भएर फेरि ॥
गम्भीर भै प्रभु त, अड्नुहुँदा अगाडी
बोले त्यहाँ गुरूजिले यहि बिन्ति पारी ॥

९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मा नुसार अधिसर्न हजूरलाई
प्राणै उपर्पनित मोह रहन्न, हाई ! ॥
आर्य स्वभाव यहिनै प्रभुको हुँदा, त
साक्षात् कृपाळ गुरू गोरखनाथवाट ॥

९४

रा रूनू भएर गुरू गोरखमै भरोसा
पाल्नू हवस् सकल टर्छ अनिष्ट-दोप ॥
आँटे पनी नृहरिले प्रभुमाथि पाप
रक्षा हुनेछ गुरू गोरखनाथवाट ॥

९५

यौटा कुरा तर पनी म त भन्छु फेरि
आफ्नो वचाउ पनि संझनु पर्छ हेरी
पापी भनी नृहरिलाइ चिनेर सोझै
उस्कै अधीन भइ जानु कहाँ भयो है ! ॥

९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो श्राद्ध खातिर भनोकन मात्र खाली
जानै पऱ्यो यसरी संशयमा अगाडी ॥
चेपे तटै बिच गराँ त्यति कर्म हामी
भित्रै पसेर किन लंजुँग जाउँला नी !॥

९७

हो श्राद्ध कर्म पनि गर्नु भलो नदीमा
चेपे नदी हुन गइन् दुइ तर्फ सीमा ॥
पारी तरेर तटमै बसि बालुवाको
भेटेर दाज्युसित श्राद्ध गराँ, बुधाको ॥

९८

त्यो भेटमा नृहरिको छल जाल देखे
फर्केर फूर्तिसित तर्न सकिन्छ चेपे ॥
तस्मात् त्यहाँ त्यति ठुलो खतरा रहेन
त्यो ठाउँ छोडि पर पस्नु भने, भएन ॥

९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेना र हात हतियार न ली दुवैले
भेला हुने त्यहिँ भनेर सफा मनैले ॥
लेखी पठाउँ, यति नै तिनि दाज्युलाई
जेलेख्तछन् अनि. उसै गरूँला मिलाई ॥

१००

यत्ती भनेर गुरूदेव अडे छँदामा
सोही कुरा असल संझिनगै सभामा ॥
लेखी पठाउनु यसै भनि, गोरखेश
छोड्दै सभा खुसिहुँदै अडि बक्सिएछ ॥

१०१

आज्ञानुसार चिठिपत्र गएछँदा, त
त्यो हर्षसाथ दिइ मंजुरिको जवाफ ॥
फन्दा पऱ्यो अब भनी मन ढुक्क पारी
गर्दै थियो नृहरिसाह ठुलो तयारी ॥

१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेपे नजीक बगरै भरि गुप्तिसाथ
गाडेर हात हतियार सबै त्यहाँ, त ॥
सेना पनी वरि परी सब ठिक राखि
त्यो श्राद्धगर्न भनि आइपुगेछ पापी ॥

१०३

सेना र हात हतियार समेत सारा
छोड्नू भएर लिइ गोरखकै सहारा ॥
आफ्ना पुरोहित सँगै प्रभु गोरखेश
चेपे तरीकन उता पुगि बक्सियेछ ॥

१०४

आफ्ना निरस्त्र दश बीस अरू सिपाही
चेपे यतै रहनु भन्नु हुँदै अहाई ॥
दाज्यै भनी नृहरिल्लाइ गएर आफैं
ढोग्नू भयो सहज निश्छल भाव साथै ॥

१०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाई भनी नृहरिले पनि ठिक्क पारी
देखावटी प्रणयको छल गर्न थाली ॥
च्यापेर छाति बिचमै गरि अंकमाल
सोधे त्यहाँ कुशल—मंगल–हाल चाल ॥

१०६

सोझो र निश्छल हुँदा प्रभु गोरखेश
त्यो दाज्युको मन सफा बुझिबक्सिएछ ॥
राम्रो भयो अब त, आफुसमा भनेर
निःशंक भै रहनुभो भरमा परेर ॥

१०७

दाज्यु र भाइ यसरी गरि भेट घाट
श्राद्धै पनि सुरु भएर विधानसाथ ॥
श्रीद्रव्यसाहकन भित्र रमाइलो भै
देख्नूभयो त्यसबखत् सब तर्फ सोझै ॥

१०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो श्राद्धको विधि सकेरमबै पछाडी
भाञ्छा चढी द्विजहरूगइ खानलागी ॥
छोरी पुगेर बुबुकी लिइ अश्रुधारा
गर्दै थिइन् नजरले प्रभुमा इशारा ॥

१०९

संकेत साथ प्रभुलाइ त फेरि फेरि
संत्रस्त नेत्र भरि आँसु भरेर हेरी ॥
भाग्नोस् छिट्टो प्रभु भनी गरि सावधान
आफ्नो पुरा गरि दिइन् तिनिले इमान ॥

११०

तिन्को दुरूस्तसित भाव बुझी नजर्को
देख्नू हुँदै नृहरिको पनि भाव अर्को ॥
काट्यो मलाइ किन पेट भनेर उठ्तै
लोटालिँदै दविनुभो प्रभु झाढि पस्तै ॥

१११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संझेर भित्र गुरू गोरखनाथलाई
निर्धक भैकन, त, फूर्ति ठुलो बढाई ॥
लुक्कै त्यहाँ वन वनै प्रभु गोरखेश
चेपे तरीकन यसा पुगि बक्सिएछ ॥

११२

आफ्ना निरस्त्र दश बीस सिपाहिसाथ
त्यो ठाउँमा अडिनुमा खतरा हुँदा, त, ॥
साथी तिनीहरू कनै लिनु भै तमाम
बढ्नू भयो प्रभु अनी घर तर्फ जान ॥

११३

हर्म्ये हुँदै सुरुसुरू दुगुरेर चाँडो
सासै न फेरिकन उक्लनथालि डाँडो ॥
प्रत्यक्ष ठान्नु भइ गोरखकालि–आमा
पुग्नू भयो प्रभु सरासर-गोरखामा ॥

११४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री द्रव्यसाह न फिरे पछि झाडिबाट
शंकागरी नृहरिसाह अनी त्यहाँ, त ।।
घेरादिँदै वन र झाडि भरी तमाम
खोज्दै थियो वरि परी गरि धूम धाम ।।

११५

सर्वेश्वर प्रभृति ब्राह्मणवर्ग जम्मै
खाएर आइकन ती प्रभु खोइ भन्दै ।।
मारी सक्यो नृहरिले भनि छट्पटाई
रून्थे हताश भइ साहस नै बिलाई ।।

११६

फेरी त्यहाँ पनि तिनै बुबुको कुमारी
आएर झट्ट उठ जाउ भनेर पारी ।।
बाच्नू भयो प्रभु भनी गरथिन् इशारा
भागे अनी द्विजहरू खुसिसाथ सारा ।।

११७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही बखत् नृहरिसाह त रन्थनाई
ती ब्राह्मणै कन त थुन्छु भनेर आई ॥
चेपे तरे तिनिहरू भनि थाह पायो
उंक्यो चरो भनि भनी रिसले करायो ॥

११८

त्यो हात आइकन राज्य त गोरखाको
फुस्क्यो यसै भनि भनी बहुले हुँदा, त्यो ॥
मंत्रीहरूकन त मूर्ख भनेर जागी
सन्क्यो कराइकन उग्र हुँदै अभागी ॥

११९

ती गोरखालीहरू छन् अहिले निरस्त्र
मौका अझै पनिछ जाउ लघारि पक्र ! ॥
यो शस्त्र सज्जित सबै लिइ सैन्य हाम्रो
चेपे तरेर गइ झंटनु हुन्छ राम्रो ॥

१२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्थान्ध भै नृहरिले सब धर्मछाडी
माताज्युको शपथ–बन्धन सम्म फाली ॥
चेपे नदी तर भनी फउजै खटायो
आफनै विनाशपथ पट्टि पयर्वढायो ॥

१२१

ती लंजुँगेहरू अनी हतियार साथ
चेपे तरीकन अगाडीबढे छँदा, त ॥
त्यो धर्म बन्धन हटयो भनि गोरखाको
संझे, महार्षिहरूले भवितव्य साँचो ॥

१२२

झंटे पनी तिनिहरू हतियार साथ
त्गो पाप नै गहरूँगो हुनगै त्यहाँ, त ॥
तिन्को त फूर्तिसित बढन सकेन धावा
श्री द्रव्यसाह हुनुभो दुगुरेर हावा ॥

१२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्बारमा प्रभु त भित्रिनुभो अगाडी
ती लंजुँगे गुरूँगथोक पुगे पछाडी ॥
निस्की प्रचण्ड अनि सैन्य त गोरखाको
ती दुष्ट दुश्मन उपर्गइ जाइलाग्यो ॥

१२४

आफ्ना परंप्रिय नरेश्वरलाइ डाको
धोकादिने यिनिहरू भनि उग्र तांती ॥
ती गोरखालीहरूले गइ लंजुँगेको
मुण्टै छिने अनि त भिड्न खडाहुनेको ?

१२५

भित्रै पसी गुरूँगथोक पुगी सकेका
ती लंजुँगेहरू थिए खुसिले फुलेका ॥
मार्छन् यहाँ त यसरी भनी गोरखाली
सोच्तै न सोचिकन हट्नु पऱ्यो पछाडी ॥

१२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुरा प्रचण्ड वलिया रणदक्ष उस्तै
ती गोरखालिहरू भैकन भीम जस्तै ॥
घेरेर भाग्न न दिने गरि शत्रुलाई
मार्दै थिए अति छिटो खुकुरी चलाई ॥

१२७

नांगो प्रचण्ड खुकुरीलिइ चंकिचंकि
कानूलो समेत पनि कुद्न पुगेर झंटी ॥
लंकालडायिँ विच वानर तुल्य सोभै
ती गोरखेहरू भिडे अति फूर्तिलो भै ॥

१२८

श्री द्रव्यराज प्रभुको जय घोष गर्दै
गर्जेर सिंहसरि झंटिग्हेर बढदै ॥
हेप्तै सियाल सरि लंजुँग सैन्यलाई
ती वीरले चुटि चुटी लखटे धपाई ॥

१२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैयाँ हजार भइ लंजुँगका सिपाही
विश्वास घात गरि लुट्न भनेर आई ॥
ती गोरखेहरू सँगै भिडिएर हारी
धेरै मरेर अरु बाँकि हटे पछाडी ॥

१३०

टिक्नै पनी न दिइ लंजुँग सैन्यलाई
तीशूर वीरहरूले लखटेर आई ॥
चेपे पछिल्तिर धपाइ दिएर पा.रो
सीमान्त मै डटि रहे सब गोरखाली ॥

१३१

ती गोरखेहरू सँगै न चलेर शेखी
घोप्ठ्याउँदै अनि जुँघा सब लंजुँगे, ती ॥
भागे रुँदै नृहरिका नजिकै तुरुन्त
त्यो पापको फल कसो गरि वेस हुन्छ ॥

१३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो राहुको ग्रहणबाट त सूर्य जस्तै
निस्केर फेरि झल्ल झल्ल भएर उस्तै ॥
श्री गोरखेश्वर उदाउनुभो प्रतापी
संसारमा अति मनोहर कीर्ति राखी ॥

१३३

सौभाग्यले प्रभु त बाँच्नु भएछ भन्दै
जम्मा भएर दुनियाँ खुसिसाथ जम्बै ॥
त्यो लंजुँगे नृहरिलाइ जितेर बाँधी
ल्याउँ भनी हुकुम माग्न पुगे अगाडी ॥

१३४

तीं राजभक्त दुनियाँहरूको भनाई
सुन्नू भएर दिनुभै खुसिले बधाई ॥
संझाउँदै तिनिहरूकन धर्म, वेस
बोल्नू भयो यसरि नै प्रभु गोरखेश ॥

१३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाज्यू भनेर गइ निश्छल भावसाथ
देख्यौ ! म फर्कन सकेँ यसरी यहाँ, त ॥
संसारले उसकनै अब भन्छ पापी
धर्मै रहेन उसको अरू के छ बाँकी ॥

१३६

जित्छौ तिमिहरू पुगी त्यसलाइ सोझै
बाँध्दै घिसार्नु अनि दुष्कर के भयो है ! ॥
दाज्यू भनीकन अझै त्यसलाइ किन्तु
भैगो भनेर सहँदै म, त, माफिदिन्छु ॥

१३७

चेपे भरी हृदयको रगतै निचोरी
माताज्युको मरण भो जुन धर्म छोडी ॥
बास्तै गरेन उसले त्यसको, परन्तु
त्यो धर्ममा मत अझै अडिँदै रहन्छु ॥

१३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उस्ले स्वयं शपथ तोडि दिँदा मुमाको
बाधा रहेन हुन ता अब हामिमा त्यो ॥
मेरो शरीर रहँदै अझ तैपनी, म
चेपे तरेर उसलाइ छुने भईन ॥

१३६

मेरो शरीर न रहे पछि पुत्र नाती
राजा भईकन यहाँ हुनगै प्रतापी ॥
लिन्छन् अवश्य पनि लंजुँगराज्यलाई
इच्छा यही सब तिमिहरूको पुग्याई ॥

१४०

नाता टुटचो तिमिहरूसित आज हाम्रो
भन्ने कुरा नृहरिलाइ जनाइ राम्रो ॥
लेखेरनै चिठि पठाइ दिनु तसर्थ
सोझो गरेपछि बुझयौ ! सब दुःख टर्छ ॥

१४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो हुकुंदिनुहुँदै प्रभुले भनेको
शिक्षा सुनीकन, खुसीसित संझैदै, त्यो ॥
जोडेर अंजलि सबै जय भन्नथाली
आनन्दले घरफिरे अनि गोरखाली ॥

१४२

हाम्रो तिमिसित कुनै अब छैन नाता
भन्ने चिठी नृहरिछेउ पुगेछँदा, ता ॥
बेशर्म भै नजर नै रिसले न हेरी
गर्दै थियो उ, त, पउद्रव फेरि फेरी ॥

१४३

बत्ती उप पुतलि झैं गरि बार बार
चेपे तरेर उसका गइ भार दार ॥
जिस्क्याउँदै प्रबल-गोरख-बीरलाई
नित्याउँथे अतिछिटो यमराजलाई ॥

१४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाक्कै नथ्यो नृहरि तै पनि दुष्ट कस्तो
हाल्दै थियो फउजकै उ, त, होम जस्तो ॥
ती होमिए सरह भ तेसका सिपाही
पुग्ये उतातिर सरासर मर्नलाई ॥

१४५

चेपे यतातिर डटीकन गोरखाली
ती लंजुँगेकन पसे जति मार्नथाली ॥
आफ्नोअजेय-महिमा उही गोरखाको
देखाउँथे त्यसवखत् गरि सत्य-साँचो ॥

१४६

दाज्यू भनीकन दया गरि मार्न छोडि
यस्तै गरि नृहरिको मद गर्व तोडि ॥
एघार वर्षतक राज्य गरी त्यहाँ, त
वस्नू भयो प्रभु बडो सुख-शान्ति साथ ॥

१४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्ना मिलेर गुरू गोरखनाथ बाट
छोडेर मोह-ममता अनि एक साथ ॥
संसारमा चहकिलो गरि कीर्ति छाडी
पाल्नू भयो प्रभु परं पद देह छाडी ॥

१४८

धर्मैले हुन्छ राम्रो भनिकन जस्ले प्राणकै मोहछाडी
बांचूभो धर्म आफ्नो यसरि. त,रसिलो कीर्तिर।खेर भारी।
हाम्रा जो आदि राजा मनुसरि हुनुभो धन्य भै द्रव्यमाह
नेपालीले उहाँको चरित्र यहि बुझुन् मित्र राखेर चाह

१४९

साह-वंश-महा काव्य, दोस्रो-सर्ग
सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहवंशमहाकाव्य

तेस्रो सर्ग

(श्री ५रामसाहको उदय पर्यन्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री सूर्यका किरणको प्रतिबिम्ब पाई
श्री पूर्णचन्द्र सरहै भइ जग्मगाई ॥
पाएर राज्य अनि पूज्य पिताजिबाट
राजा पुरन्दर उदाउनु भो त्यहाँ, त ॥

१

त्यो प्रेमका नजरले गरि बार-बार
हेर्दै नयाँ नृपतिको हँसिलो मुहार ॥
ती राजभक्त दुनियाँ सब झुक्न थाली
गर्दैथिए सरम-उत्सबको तयारी ॥

२

श्रीद्रव्यसाह हनुमैकन आदि राजा
त्यो, आर्य-राज-महिमा फिँजिएर ताजा ॥
राजा हुँदा प्रभु पुरन्दर साह फेरि
निर्धक्क भो मुलुक निर्भय-सास फेरी ॥

३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्ती र आशिष सबै लिनु भै पिताको
गद्दी चढी प्रभु पुरन्दर गोरखाको ॥
चातुर्यसाथ हुनु भैकन सावधान
राजा सुहाउनु भयो नयनाभि राम ॥

४

कस्तैलगाम बलले न खिँचेर उस्तै
छोड्नू भएर खुकुलो न त सुःत सुस्तै ॥
कायं गरी मुलुक मध्यम रीतिबाट
चल्नूभयो प्रभु पुरन्दर नीति साथ ॥

५

पाँडे र पन्थ अध्याल खनाल साथ
राना समेत लिनु शैकन बोहरा, त ॥
राजी गराउनु हुँदै दृनियाँ तमाम
हेर्नु भयो मुलुकको सब काज काम

६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हंला न होस् मुलुकमा अरू तर्फबाट-
भन्ने विचार लिनु भैकनशान्ति साथ ॥
विश्वस्त पारिकन बाइस-चौबिसे ती
सारा प्रसन्न गरि राख्नु भयो छिमेकी ॥

७

दोस्ती भयो अब सबैसित गोरखाको
भन्ने सुनेर रिसले कुढिएछँदा, पो ॥
चेपे तरीकन थतातिर बार-बार
ती लंजुँगेँ हरू त लुट्न भए तयार ॥

८

धोका दिँदै छल गरीकन आइ आई
डाँका समान सब लंजुँगका सिपाही ॥
भित्रै पसेर सहजै सित ठाउँ-ठाउँ
लुट्दै थिए अनि त बस्ति र गाऊँ-गाऊँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तदैं। दशाँदि अनि टार पुगेर छेवे
त्यो बोहरा व्यँसि समेत गई लुटेथे ॥
जित्लौँ सरासर भनौं अब गोरखानै
तां लंजुँगे त्यसबखत् सुरिए तमामै ॥

१०

शान्तिप्रियै भइ भई रिस थामी थामी
पर्खेर बस्नु नहुने बुझिएर जानी ॥
जाऊ ! हटाउ सब दुश्मनलाइ भन्दै
राजा पुरन्दर अनी हुनुभो प्रचण्डै ॥

११

आज्ञा न पाइकन पर्खिरहेर खाली
दाहाकिटेर अडिने मन गोरखाली ॥
पाई हुकुं नृपपिको जय धोप गर्दै
झंटे तुरन्त सुरिएर अगाडि सर्दै ॥

१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छेक्नै नआइकन पो अधि गोरखाली
ती लंजुँगेँहरू त बढ्न पुगे अगाडी ॥
झंटेर लश्कर चलेपछि गोरखाको
भिड्ने कुरा अनि कता अडिने त्यहाँ, कसे !

१३

भाग्नै समेत न दिने गरि गोरखाली
मार्छन् भनेर अनि बुर्कुसि मार्न थाली ॥
हट्तै थिए पछि पछी सब लंजुँगे, ती
ती गोरखे पनि त मार्न पुगे लखेटी ॥

१४

बस्ती र गाउँघरका बिच,आईमाई-
तर्साउने तिमि त लंजुँगका सिपाही ॥
आऊ ! अगाडिसर लौ ! भनि हाँस्नथाली
काट्तैथिए तिमिहरूका गोरखाली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तौ गोरखालिहरूले खुकुरी उचाली
भंटेर युद्ध बिचमा गइ नाच्न थाली ॥
पुछ्तै निधार सब लंजुँग-सुन्दरीको
मेट्तथिए सिँदुरको पनि लाल-टीको ॥

१६

मार्दै अधारिकन लंजुँग सैन्यलाई
चेपे फछिल्तिर धपाइ दिएर आई ॥
आज्ञानुसार नृपको न तरेर चेपे
ती वीर गोरखजवाँन डटीरहेथे ॥

१७

आताङ्क दूर हुनगो भनि लंजुँगेको
त्यो गोरखा मुलुकनै खुमिले खुलेथ्यो ॥
भुक्तै प्रजाहरू पनि प्रभुछेउ आई
गर्दै थिए यसरी विन्ति बडो रमाई ॥

१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे नाथ ! आज यसरी सब मुख्य सेना
चेपे कुरीकन उतै अडिई रहेमा ॥
अन्यत्रबाट खतरा हुन अउला, की ?
वस्तु हवस् सकल सैन्य नजीक राखी ॥

१६

झुल्याउँदै छल गरीकन लंजुँगे, ती
पस्छन् भनी सकल चाल बुझेर देखी ॥
हामी सबै भइ सक्यौं दुनायाँ चनाखा
चेपे तरेर कुन आउन सक्छ डाँका ॥

२०

ती लंजुँगेकन त रोक्न भनी तसर्थ
त्यो सैन्य सज्जित हुँदै किन वस्तु पर्छ ॥
तिन्को प्रहार सब रोकि दिएर थामी
बस्छौं तयार भइ राकि दिएर हामी

२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती भक्त रै तहरूको यस विन्तीवाट
राजा पुरन्दर खुसी हुनु भै त्यहाँ त, ॥
जिम्बा तिनैकन दिनू भइ लंजुँगेको
खिँच्नू भयो सकल सैन्य उता रहेको ॥

२२

रक्षा गरी मुलुकको हुनु है ! चनाखा
भन्ने हुकुं नृपतिबाट मिले छँदा, ता ॥
ती देश भक्त दुनीयाँ जय भक्त थाली
फर्के सबै घर घरै गरि होशियारी ॥

२३

जोत्तै हलो दिन भरी गरि काज काम
चेपे नजीक भइ रैति त सावधान ॥
ती रातमा थुमकुरी पहरा दिएर
बस्थे सतर्क भइ नित्य खडा रहेर ॥

२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो कुर्दथे हलिहरू भइ सावधान
त्यो ठाउँको "हलिथुमै" हुन आइ नाम ॥
त्यो देश भक्ति अझ सम्म छँदैच ताजा
प्यारारही मुलुलकमा प्रभु आर्य राजा ॥

२५

टोक्कै जुधाँ अनि पछीं रिसले जलेका
अत्यन्त नै कुपित भैकन लंजुँगे, ता ॥
वार्षाक--भोट तिरको बहकाइ चाँगे
स्यातानलाइ, त उता धमिल्याइछाडे ॥

२६

पत्यार मानिकन बोलि त लंजुँगेँको
त्यो गोरखा मुलुक लुट्न भनी हिँडेको ॥
चाँगे सरामर अघिल्तिर बढ्न थाली
सन्के थुतेर खुकुरी अनि गोरखाली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोटे बदेश यसरी मुलुकै तमाम
मान्यो भने, सकल हामि भयौँ गुलाम ॥
मछौँ तसर्थ रणमै भइकीर्तिशाली
भन्दै उठे त्यस बखत सब गोरखाली

२८

प्यारा त हामीहरूका हुनु हुन्छ राजा
यो देश भक्ति मन भित्र छँदैछ ताजा ॥
भोटे सगै किन यसै झुकुँला, त, हामी
भन्दै प्रजाहरू उठे हतियार तानी ॥

२९

भाला, खुँडा र खुकुरी तरवार आदि
जे जे छ आफु संग सोहिं लिँदै उचाली ॥
मान्दै हुकुं नृपतिको रणतर्फ जान
जम्मा भए अदबले दुनियाँ, तमाम ॥

३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती, देशभक्त दुनियाँहरूको तयारी
देख्नू भएर खुसिले मन दंग पारी ॥
स्याबासी वक्सनु हुँदै तिनिलाइ फेरी
भन्नू भयो नृपतिले न गरेर देरी ॥

३१

प्यारो स्वदेश भनिमनं हुँदै तयार
देखाउँछौं यसरि साहस जो अपार ॥
त्यस्ले कृतार्थ हुनगै भइ कीर्तिशाली
हुन्छौ अवश्य विजयी तिमि गोरखाली ॥

३२

यो देश हामिहरूको सबको छ साझा
प्यारा परस्पर भयौं दुनियाँ-र राजा ॥
यो देश भक्ति र ठुलो यहि एकता,ली
हुन्छौ प्रसिद्ध जगमा तिमि गोरखाली ॥

३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा प्रजा मिलि जुली सब एक साथ,
यस्ता सपूतहरू छन् जुन देशमा, त ॥
त्यो देश जित्तछ अहो ! कुन शत्रुले, त-?
हे वीर हो ! बढ, सरासर फिक्किके छ ? ॥

३४

राजा स्वयं प्रभु पुरन्दर साहबाट
आज्ञाहुँदै यसरि साहस बक्सिदा, त ॥
ती गोरखालिहरूले जय भन्न थाली
उत्साह साथ रणतर्फ बढे अगाडी ॥

३५

जान्दै न जानि बल-वीर्य त, गोरखेको
भांटेहरू मुलुक जित्न थिए हिँडेको ॥
घेर्दै त्यहाँ तिनिहरूकन गोरखाली
काट्तै थिए अनि छपाछप नाच्नथाली ॥

३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाँगे सगै गइ भिडे भनि गोरखाल
पाएर छिद्र अनि फौज ढुलो उतारी ॥
बेपेतरीकन यतातिर लंजुँगेँ, ती
फेरीं बढे सुरु सुरू सुरिएर हेपी ॥

३७

सेना न भैकन यतातिर गोरखाको
को रोक्छ हामिकन लौ !भनि संझँदा, पो ॥
ती लंजुँगेँ हरू त मस्त परेर फेरी
हिँड्दै थिए बढिवढी नजरै न हेरी ॥

३६

पाई हुकुँ प्रभु पुरन्दर साहवाट
सीमान्त रक्षण गरि रहने चलाक ॥
रैती त्यतातिर थिए सब होशियार
लाठो लिँदै तिनितरू उभिए तयार ॥

३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती लँजुँगे हरू त गाउँ र गाउँ चारी
लुट्तै थिए वरि परी छरि दै अगाडी ॥
यी देश भक्त सब रैति पुगेर फेरी
मार्दै चुटे तिनिहरूकन घेरि घेरी ॥

४०

घेरै भएर पनि फौज त लंजुँगेँको
डाँका भएर मनको बल कं हुने भो ॥
यी देश भक्तहरू ईश्वर साक्षि राखी
मार्दै थिए तिनिहरूकन ताकि ताकी ॥

४१

रैती सबै यिनिहरू यति हुन् यहाँका
भन्ने कुरा मगजमा न घुसे छँदा,ता ॥
आई पुगेछ भनि फौज त गोरखाको
तर्सेर दुश्मन हटे गई भित्र सातो ॥

४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केर हेर्न डरले नसकी पछाडी
सासै न फेरिकन साहस सम्म छाडी ॥
भाग्दै पछिल्तिर हटे अनि लंजुँगेँ, ती
उफ्री कुदेर हरिणै सरि बाघ भेटी ॥

४३

आँखै न हेरिकन भाग्न अगाडि सर्दा
बाटै न पाइ पहराहरूबाट झर्दा ॥
लड्दै पडे तिनिहरू कति धाइते भै
त्यो मारमा पनि परे कति गाँउलेकै ॥

४४

धेरै हताहत भईकन लंजुँगेँ, ती
चेपे तरीकन हटे मन भित्र चेती ॥
सीमा न घाइकन दुश्मनलाइ चेपे
यी देश भक्तहरू फेरि डटी रहेथे ॥

४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी यतातिर त, गोरखबीर हाम्रा
थाक्कै नथ.कि भिडिने रण धीर चाम्रा ॥
भोटेहरू सँग जुधे खुकुरी नचाई
संसारमा गजब युद्ध कला सिकाई ॥

४६

भोटेहरू सँग थियो धनु-काण थोत्रो
ती हान्दथे परलुकेर कुनै घुयँत्रो ॥
के टेर्दथे तिनिहरूकन गोरखाली
मारे प्रशस्त सित सोतर पारि पारि ॥

४७

त्यौ गोरखा सहर लुट्न भनेर आई
त्यो मार खाइकन भित्र रहरपुग्याई ॥
चौंगे पछिल्तिर हटचो जिउमात्र साँची
भागे त्यसैसँग सँगै अरू फौज बाँकी ॥

४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो परापक्रम ठुलो त्यसरी फिँजाई
सीमान्त सम्म लखटीकन-शत्रुलाई ॥
सीमाप्रदेश बलियो मजबूत पारी
फर्के अनी विजयलीकन गोरखाली ॥

४६

चेपे किनार तिरवाट पनि खुसीकी
सोहिबखत् खबर भन्न पुगेर छीटो ॥
प्यारा नरेश्वर पुरन्दर साहलाई
ती रैतीले सकल विन्तिगरे सुनाई ॥

५०

प्यारो खब यहि सबै दुइतर्फवाट
सुन्नू हुँदै नृपतिले खुसियालि साथ ॥
ती शूर-वीरहरूलाई दिँदै इनाम
गर्नु भयो अनि, महोत्सव धूमधाम ॥

५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा चढाइ गुरु गोरखको गुफामा
मानेर भक्ति सित गोरखकालि आमा ॥
ज्यादै प्रसन्न हुनुभो प्रभु गोरखेश
दायाँ रहे पछि त, ईश्वर दुःख के छ ? ॥

५२

त्यस्तो प्रताप महिमा अनि गोरखाको
सारा छिमेंक भरिमा फिँजिएर ढाक्यो ॥
राजाहरू सब झुके चिठि पत्र लेखी
गर्दै थियो कुटिल लंजुँग मात्र शेखी ॥

५३

सोही बखत् अनि यतातिर लंजुँगे, ती
च्यासै थिए तनहुँलाइ समेत हेपी ॥
माग्यो मदत् तनहुँले अनि गोरखामा
हात्ती समेत उपहार छदाइ नान्ना ॥

५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तोपहाड बिचमा न हुने अनौठा
हात्ती भएर अति अद्भुत जन्तु यौटा ॥
त्यो प्रेमको लिनु हुँदै उपहार वेस
बोल्नू भयो खुसि हुँदै प्रभु गोरखेश ॥

५५

तिम्रा र हामिहरूका भइ शत्रु एक
पिर्छेन् वरावर, दुवैतिर लंजुँगेँ, त ॥
ती दुष्टलाइ तहलाउनका निमित्त
हामी दुवैथर भयौं अव एक चित्त ॥

५६

हाम्रो रहयो यहिं कुरा बुझ ! आज देखि
ती शत्रुको अव त बाँकि रहन्न शेखी ॥
गर्छेन् मदत तनहुँको सव गोरखाली
जाऊ ! खुसी सित बिदा भइ पीर छाडी ॥

५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्यारो गरी तनहुँका सब दूतलाई
अस्तै हुक्कं प्रभु पुरन्दरले सुनाई ॥
उस्तै गरी अमल योग्य दिदैं इनाम
बक्स्यो विदा खुसिहुँदै घरतर्फ जान ॥

५८

इच्छा पुगेर मनको अति हर्ष साथ
झुक्कै ति दूतहरूले निहुराइ माथ ॥
राजाधिराज ! जय होस् भनि भन्न थाली
निर्घक्क भै घर फिरे मनझुक्क पारी ॥

५९

महत् दिने तनहुँमा प्रभु गोरखेश
भन्ने कुराहरू सुनेपछि लंजुगेँ त ॥
घोप्टे जुँघा सुरसुरू मुख भित्र कोची
फर्के सुरूक डरले निहुरेर सोची ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो गोरखा धिपतिको कुन हो प्रताप
नामै सुनेर पनि शत्रु हुने सखाप ॥
यी धन्य हुन् भनि भनिकन गोरखाली
गर्दै थियो तनहुँ उत्सवको तयारी ॥

६१

राजाहरू अनि त बाइस-चौंविसे, तीं
काँप्दै थिये प्रभु पुरन्दरलाइ देखी ॥
को गोरखासित विरोध उठाउने भो
त्यो लंजुगै पनि त भित्र डराउने भो ॥

६२

तेजै प्रचण्डसित अद्भुत यो फिँजाई
श्री सूर्य झैं प्रभु पुरन्दर जग्मगाई ॥
राख्नू भयो यसरी इज्जत गोरखाको
झुक्थ्यो जगत् सकल हाल सुनी त्यताको ॥

६३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही बखत् अनि यतातिर गोरखामा
भोटेहरू सँग, त चित्त न सँग्लँदामा ॥
वैपार बन्द हुनगै कन भोट बाट
भो, नून पाखिहरूको अनिकालसाफ ॥

६४

नूनै न पाइ अलिनो गरि खान थाली
बस्तै थिए त्यसबखत् सब गोरखाली ॥
त्यो दुःख रैतिहरूको म हटाउँ भन्दै
बढ्दै थियो प्रभु पुरन्दरलाइ धन्दै ॥

६५

भोटै पसेर गइ युद्ध गरे छँदामा
के हुन्छ कुन्नि भनि संशय देखिँदामा ॥
चाँगे सँगै असल हो वरु मित्रता, पो
भन्ने विचार हुनगो प्रभुलाइ साँचो ॥

६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्ला गरेर सहजैसित नून खानी
जित्छौँ सरासर बढीकन भोट हामी ॥
पाऊँ हुकुं भनि भनीकन बार बार
सेना थियो त्यसबखत् सजिँदै तयार ॥

६७

ती वीरको त्यसरी साहसिलो भनाई
सून्नूहुँदै त्यसउपर्खुसि नै जनाई ॥
संझाउँदै तिनिहरूकन नीतिसाथ
आज्ञा भयो प्रभु पुरन्दर साहबाट ॥

६८

पाएर, हेर ! गुरू गोरखको सहारा
जित्छौ तिमिहरू न भोट मधेशसारा ॥
संझाउँदै तिमिहरूकन यो परन्तु
बेला बखत् पनि विचार गरेर भन्छु ॥

६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिन्छ हामिहरूलाइ त, नून-पाखी
गर्नुपर्‍यो त्यस निमित्त कुनै चलाकी ॥
आफू बनेर बलियो पहिले दुरुस्त
झंटेर भोट लिउँला पछि सुस्त-सुस्त ॥

७०

हाम्रो प्रभाव बलियो भइ गोरखामा
हेर्नै सकिन्न अहिले भनि संझँदामा ॥
झुक्कै दबे सकल बाइस-चौबिसे-यी,
यिन्को त, औसर परे भर छैन केही ॥

७१

ठूलो भयो अब यतातिर गोरखा नै
भन्ने इबी हृदयमा सबको हुँदा, नै ॥
मौका परे यिनिहरू सब मिल्न आई
दिन्छन् अवश्य भनि दुःख, त, हामिलाई ॥

७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती लंजूँगेँ हरू अनी त्यस माथि उस्तै
मड्काउने भइ सवैतिर सुस्त-सुस्तै ॥
देखाइ हामिहरूलाइ अवश्य नीचा
चल्छन् भनेर पछि हेर्नु छ, यो पनी ता ॥

७३

हे वीर हो ! तिमिहरू गइ भोट पट्टी
पर्नेछ संभव यतातिर विघ्न यत्ती ॥
अर्को बताउँछु उता अनि यो कुरा म
संझेर मर्म सब यो बुझ है ! तमाम ॥

७४

वस्तै नजीक,घरको भइ बाघ जस्तो
भुक्छन् पराइकन कुक्कुर सम्म कस्तो ॥
भेदै न पाइ अरूका घरको तमाम
झंटेर जानु पनि योग्य हुँदैन काम ॥

७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्छू तसर्थ अहिले त्रस, धैर्य राखी
तान्छू म, जुक्तिसित नै अब, नून-पाखी ॥
चाँगे, छँदैछ डरले उ पनी स-शंक
मौका बुझी कन चलौं अनि वेस हुन्छ ॥

७६

प्यारो गरी यसरी सैनिक वीरलाई
मौकानुसार चल, भन्नु हुँदै बुझाई ॥
शिक्षा दिँदै अडिनु भो प्रभु गोरखेश
भन्थे सबै झुकि झुकी त्यहि हुन्छ वेस ॥

७७

फौजी जवाँनहरूको त्यस जोशलाई
थाँदै प्रसन्न गरि फूर्ति ठुलो दिलाई ॥
राखेर मंत्रिहरूलाइ त गुप्ति साथ
बक्स्या हुकुं प्रभु पुरन्दर साहबाट ॥

७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञानुसार अनि चिट्ठि लिएर साथ
बार्पाक भोट तिर दूत पुगेछँदा, त ॥
चाँगे, बडो खुसि हुँदै डर मान्न छाडी
दोस्ती गऱ्यो मित भए भनि गोरखाली ॥

७९

हामी परस्पर भयौं मित आज देखि–
भन्ने कुराहरू सबै खुसि साथ लेखी ॥
आफ्नो पठाइ उमले पनि दूत फेरि
मान्यो झुकी प्रभु पुरन्दरको मितेरी ॥

८०

बार्पाक–भोट तिरको लिइ दूत साथ
आफ्ना जवाँनहरू आइ पुगेछँदा, त ॥
आशा गरे सरह काम बनेर झट्टै
राजा पुरन्दर खुसी हुनु भो बिछट्टै ॥

८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सेर दर्शन अनी सब दूतलाई
बाँड्दै इनाम पनि चित्त खुसी गराई ॥
चाँगेकनै चिठी र पत्र त मित्रताको
लेख्नू भयो दिइ निमन्त्रण गोरखाको ॥

८२

हात्ती यहाँ छ अति अद्भुत जन्तु यौटा
त्यस्लाइ हेरिकन हुँन्छ बडो अनौठा ॥
भेटेर हामिसित भोट र गोरखाको
मैत्री समेत बलियो भइ हुन्छ पाको ॥

८३

आऊ ! तसर्थ तिमि मित्र भएर हाम्रो
भन्ने जनाइ चिठि पत्र गएर राम्रो ॥
चाँगे पनी त्यस बखत बहुतै रमायो
भेट्छु भनेर निहुरी प्रभु छेउ आयो ॥

८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कस्तूरि, चामर र पाखिहरू अनेक
त्यस्को सहर्ष लिनु भै उपहार–भेट ॥
उस्तै गरेर उसलाइ पनी तमाम
दीबक्सियो धन र रत्नहरू इनाम ॥

८५

देखेर हात्तिकन अद्भुत मानि, भोटे
सोद्धै थियो उ, त, जनाबर खान्छ यो, के? ॥
यो खान्छ नून भनि उत्तर बक्सिदामा
मंजूर भो ऊ, पनि नून दिने कुरामा ॥

८६

यो हात्ति खान्छ भनि नून, अनी तसर्थ
पठाइसै मुरि पठाऊँछु वर्ष–वर्ष ॥
यस्लाइ पुग्दछ अनी त्यतिले भनेर
बाँगे त, हात्ति नजिकै ऊभियो अडेर ॥

८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हात्ती चढाउनु हुँदै त्यसलाइ फेरि
सत्कारमा त्रुटि र नहोस् भनि हेरि हेरी ॥
राखेर केहि दिन सम्म त, गोरखामा
व्यापार सन्धि पनि गर्नु भएछ नाना ॥

८८

चाँगे, खुसीमित वसीकन पाहुनाभै
फर्क्यो अनी प्रभु सँगै निडुरी बिदा भै ॥
व्यापारको अनि खुल्यो दुइ तर्फ नाता
मारा प्रजा खुसि भए नुन पाउँ दा, ता ॥

८९

चिट्ठी पठाइकन दुश्मनलाई सम्म
धोप्याइ मत्लबलिने प्रभु के अचम्म ॥
कस्तो विचित्र महिमा प्रभु कोछ भन्दै
त्यो गोरखा मुलुक दंग परेछ जम्बै ॥

९०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाँगे पनी कर दिने भइ गोरखाको,
झुक्कै गयो भनि सुनेर खबर्त्यताको ॥
आँखा खुल्यो अनि त बाइस चौबिसेको
ठाडो भएन डरले शिर लंजुँगेको ॥

९१

पन्छाउँदै यसरि विघ्नविपत् तमाम
प्यारो हुँदै मुलुकको करुणा निधान ॥
साक्षात् पुरन्दरसरी सुख शान्ति दायी
राजा पुरन्दर सुहाउनु भो उदाई ॥

९२

रानीहरू दुइजना हुनुभो उहाँको
जेठी त अंश हुनु भैं जगदम्बिकाको ॥
लाग्नू हुँदा भजन पूजनतर्फ खाली
कान्छी अनी हुनु भयो मनकी पियारी ॥

९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेर कान्छि तिरनै युद्धराज फेरी
जेठी दिदीकन त सौति भनी नटेरी ॥
खोजेर नै निहुँ सँधै तकरार पारी
कान्छी सताउनु हुने नृपकी पियारी ॥

९४

जेठी पियारी हुनु भो अघ गर्भ बोकी
भन्ने कुरा त्यस वखत् सुनिएर होकी ॥
त्यो सौतिनी कपट डाह लिएर भारी
कान्छी अघोर सित सन्कनु भो पछाडी ॥

९५

जेठी त अंश हुनु भैकन कालिकाको
देख्नु भएर पछिको भवितव्य ता त्यो ॥
मैले यहाँ रहनु हुन्न भनेर ठानी
सल्यान आइकन वस्नु भएछ रानी ॥

९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो गर्भका समयमा चिढिएर रानी
निस्किन् भनेर मनमा अति दिक्क मानी ॥
राजा त खिन्नहुँनु भो, तर फेरी ऊर्की
रून्छिन् भनी अडिनु भो रिसले नतड्की ॥

९७

यो गोरखा मुलुकै थिति बाँधछन्ने
राजा भएपनि म ता घरमा न सक्ने ॥
यस्तै कुराहरू अनी दिन रात सोची
राजा त्यहाँ पछि विरक्त हुनू भयो कि ॥

९८

आई परे जति अनी सब काजकाम
निर्जिम्म भैकन चलाइ दिँदै क्रम म ॥
संसारमा सुख रहेन छ केहि भन्दै
जोगी भरी रहनु भो प्रभु भित्र गंदै ॥

९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाभएर पनि ता परिवन्धवाट
रानी निकालिकन वस्नु परे छँदा, त ॥
प्रारब्ध कै सकल खेल रहेछ भन्दै
झस्के सरी प्रभु अनी हुनु भो झसगै ॥

१००

बूढो भएँ म त यसै भनि फेरि फेरी
आफ्नै मुहार पनि दर्पण भित्र हेरी ॥
एकान्तमै प्रभु त हर्दम वस्न थाली
गर्नु हुने गनिरहेर विचार खाली ॥

१०१

यस्तै विचार लिनु भैकन एकतान
संभेर ईश्वरकनै भइ सावधान ॥
आफ्नै शरिर पनि मर्छ भनेर भन्छि
राजा फरक रहनुमा मनचित्त मँग्ली ॥

१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भनेर न लिँदै ममता समेत
कर्तव्य मात्र गरिदी प्रभु गोरखेश ॥
आनन्दले अनि त वस्तु भयो रमाई
प्रारब्ध भोग्न भनि चित्त कड़ा गराई ॥

१०३

सल्यानमै अनि पुरोहित साथ साथ
आफ्ना पठइकन मानिस मान साथ ॥
त्यो जन्मने शिशुकनै गर जातकर्म
भन्दै खटाई दिनु भो नचुकी स्वधर्म ॥

१०४

पाई हुकुं नृपतिको खटिएर आई
रानी सुमा ! भनि गएर शिरै झुकाई ॥
त्यस्तो हुकुं प्रभु पुरन्दर को सुनाए
आज्ञा मिलेर नजिकै अनि बस्न पाए ॥

१०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्षनै भगवती हुनु भै उहाँ, त
रानी बनी कपट मानिस रुपवाट ॥
यो शाहवंशकन गर्नु हुँदै पवित्र
जन्माइ वक्सनु भयो कुल दीप पुत्र ॥

१०६

त्यो जन्म लग्न लिइ कुंडलि कोर्नथाली
बूढा पुरोहित सिलोट लिँदै अगाडी ॥
यी रामशाह भनिबालक राम जस्तै
राखी दिए मधुर नाम समेत उस्तै ॥

१०७

उच्चा परे ग्रहहरू भनि एक नास
गर्दै बयान रसिलोसित खास खास ॥
ती गोरखातिर फिरेर अनी तमाम
बिन्ती गरे प्रभु सँगै सब यो बयान ॥

१०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म्यो सुपुत्र भ.न सुन्नु भएर फेरी
राम्रो भनेर लिइ कुंडलि हेरी हेरी ॥
यो माहिलो कसरि भो भनि सँझँदामा
सोच्नू भयो नृपतिले भावतव्य नाना ॥

१०९

छोरो लिएर खुसिले अब जेठी रानी
बस्छिन् उतैतिर भनी बुझि बक्सदा, नी ॥
खानू भनेर तिनिलाइ त मान साथ
बिर्ता दिई खबर बक्सनुभो त्यहाँ त ॥

११०

कर्तव्यको यति कुरा न चुके पनी त
जोगी समान हुनु भै प्रभु शुद्ध चित्त ॥
छोरो भनेर मुख हेर्छु भनेर धाई
जानू भएन छ उतातिर भेट्न लाई ॥

१११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसारको सुख र भोग अनित्य जानी
त्यो भोगमा प्रभु विरक्त रहे छँदा, नी ॥
रानी दुवै हुन गए प्रभुका समान
टाढा रहुन कि नजिकै अनि के छ मान ॥

११२

मंत्री र मुख्य लिनु भै सब भारदार
आई सभाविच सुने पनि कार बार ॥
त्यस्मा मनासिब सधै दिनु भै निकासा
त्यो खेल भै प्रभु त ठान्नु हुने तमासा ॥

११३

आसक्ति नै न रहँदा व्यवहार पट्टि
त्यस्को त, राग मनमा न परेर कत्ति ॥
निःसंग निर्मल र निर्भय एकनास
देख्नू हुने प्रभु सदैतिर चित् विलास ॥

११४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकान्त मै प्रभु रहें पनि रानि साथ
मंत्रिहरू रहि रहे पनि साथ साथ ॥
त्यो चित्त वृत्ति हरदं अडिएर यौटै
आफैँ त्यहाँ प्रभु त देखिनु भो ३ नौठै ॥

११५

यस्तो स्वभाव परिवर्तन भै अचम्म
त्यो ध्यान मै प्रभु त मग्न रहेर टम्म ॥
साक्षात् स्वयं हुनु भएछ शिवस्वरूप
को बुझ दथ्यो त्यसबखत् प्रभुको स्वरूप ॥

११६

सौता हटिन् अब भनिकन हर्ष मानी
जो गर्द थिन् मद र गर्व त कान्छि रानी ॥
त्यो गर्व सर्व अनि चूर्ण भएर आफैँ
रून्थिन् तिनि हरबखत् लिइ पर तापै ॥

११७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो अचम्म गुरू गोरखको कृपा हो
भन्ने कुरा त अरुले न बुझेऊँदा यो ॥
यस्तो त के हुन गयो प्रभु लाई भन्दै
मन्त्री समेत पनि छट् पटिए ति जम्बै ॥

११८

देखिन्न रोगहरू केहि पनी उहाँको
भन्दै न जानिकन कारण कत्ति साँचो ॥
रानी यहाँ न हुनु भै प्रभुसाथ जेठी
यस्तो भया भनि सबै ठहाराउँथे ती ॥

११९

तर्सेर भित्र मनमा अनि कान्छि रानी
आउन् दीदी अब यहीँ अनि आशमानी ॥
सल्यानमा गइ दीदी सँग गर्नु विन्ती
भन्दै अह्राइकन मन्त्रि खटाउँथिन्, ती ॥

१२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षात उहाँ भगवती भइ जेठि रानी
त्यस्तो भएजति कुरा सब जानी जानी ॥
बोलाउँदै लिन पुगे पछि मन्त्रिलाई
आज्ञा दिँदै यसरी भन्नु भयो बुझाई ॥

१२१

मैले उहाँ प्रभुकनै पति मान्नपाई
रानी भनी मुलुक मान्द छ हैं ! मलाई ॥
साक्षात् उहाँकन विगार हुने गरेर
बस्थें, यतातिर म ता अनि के भनेर ॥

१२२

सल्लाह पाइ गुरू गोरखबाट यस्तै
आए कि हूँ म, त, यतातिर हर ! बस्तै ॥
रानी हिँड्दिन् भनि विरक्त भएर पो, त,
राजा कृतार्थ भइ धन्य हुनू भयो, त, ॥

१२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के ले स्वाभाव परिवर्तन भो उहाँको
भन्ने रहस्य रति भर्नबुझे छँदा पो
संत्रस्त छौ तिमिहरू बुझियो तमाम
मेरो कुरा सुन सबै भइ सावधान ॥

१२४

दासी भएर जसलाइ भजें रमाई
त्यो पाउ छोड्न कति मुस्कील भो मलाई ॥
आए यतातिर म ता तर आँसु रोकी
प्यारा कृतार्थ हुनुहुन्छ भनेर सोची ॥

१२५

रानी हिडों भनि भनी मन खिन्न पारी
त्यो चोटले विषयबाट विरक्तता ली ॥
संसारमा सुख रहेनछ भन्न थाली
राजा विचारतिर हुन्नु भएछ खाली ॥

१२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाएर फेरी गुरु गोरखको कृपा त,
झल्केर झल्ल मनमैं परतत्व साफ ॥
चिन्नु हुँदै अलि अलीं गरि आत्मरूप
संभ्यौं ! उहाँ हुनु भएछ शिव स्वरूप ॥

१२७

भस्मै गराइकन बन्धन कर्मको त
प्रारब्ध भोग गरिं निस्पृह साथ पो, त ॥
आनन्द साथ हँसिलो भइ नित्य ताजा
संसार सागर त तर्नु हुँदैछ, राजा ॥

१२८

देख्छौ दुरूस्त हँसिलो छ उही मुहार
जस्तो परे पनि त निर्भय निर्विकार ॥
गर्नू हुँदैछ कि, उहाँ सब राज काज
संत्रस्त छौ तिमिहरु किन फेरी आज ॥

१२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संझैं, अचम्म हुनु भो प्रभु आज पक्कै
त्यस्तो हुनू पनि त भाग्य रहेछ सच्चै ॥
के खोज्दछौ भइ सक्यौ सब भाग्यमानी
त्यस्ता महापुरूषलाइ भजेर मानी ॥

१३०

कर्तव्यमात्र अब बाहिर बाँकि राखी
राजा उहाँ हुनु भयो शिव रुप साक्षी ॥
नाता उहाँ सँग कहाँ अरु कोछ आज
रानी र पुत्रहरूको कुन काम काज ॥

१३१

सौभाग्यले यति कुरा सब सुन्न पाई
मेरो यसै हृदयगद्गद भो रमाई ॥
गछूँ यहीँ बसी बसीकन दण्डवत् म
केक म भो अब उहाँसित साथ बस्न ॥

१३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारब्ध भोग अझ बाँकिरही यहाँको
ढल्दैन गाथ पनिता अहिल्यै उहाँ हो ॥
राजा उदाउनु हुने अझ केहि वर्ष
जाऊँ घरै तिर फिरेर सबै सहर्ष ॥

१३३

एकान्तमै तप गरेर बसी यहाँ म
कल्याण गर्दछु निमिहरूको तमाम ॥
चिन्ता नमानिकन जाउ अनी तमर्थ
प्रारब्धको सकल कर्म त भोग्नु पर्छ ॥

१३४

यस्तो हुकुं दिनु हुँदै पछिबाट रानी
अड्नु भए पछित गुप्त रहस्य जानी ॥
राजर्षि भै प्रभुत धन्य हुनूभएको
संझी कुरा खुसि हुँदै सबले बुझेत्यो ॥

१३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छौं सुमा ! अब भनीकन पाउ पर्दा
मन्त्रिहरू घरफिरे सब दंग पर्दै ॥
त्यस्तो रहस्य सब सँझि रहर सारा
हर्दै थिए नृपतिका अलमस्त चाला ॥

१३६

यस्ता महापुरूषलाइ भजेर हामी
धन्यै भयौं भनि भनी अति हर्ष मानी ॥
त्यो गोरखा मुलुक नै सब रंरमाया
यो साहबंश महिमा त्यसरी उदाया ॥

१३७

त्यो आत्म तत्व उपलब्ध गरेर ताजा
ब्रह्मस्वरूप हुनु भै अलमस्त राजा
आश्चर्यको लहड खेल गरे समान
गर्नु हुने सकल दैनिक काज काम ॥

१३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो ब्रह्ममै लय गराइ जगत् तमाम
देख्दै न देखि अरू नश्वर रूप-नाम ॥
ब्रह्मै भएर अनि आफु पनि अनौठा
सच्चित् स्वरूप हुनुभो प्रभुमात्र यौटा ॥

१३६

इच्छा र आश मनमा न भयेर खास
आफनो अखण्ड लिनु भै उहिचित् विलास
राजा भए पनि उहाँ त शरीर धारी
प्रत्यक्ष नै हुनु भयो प्रभु निर्विकारी ॥

१४०

प्रारब्धको सकल भोग मिटाउनामा
राजा भएर रहँदै प्रभु गोरखामा ॥
यस्तै प्रकार बित गर्नु हुँदै अचम्म
बस्नू भयो अनि पछि दशवर्ष सम्म ॥

१४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पैँतीस वर्षतक राज्य गरर टम्म
त्यो गोरखा मुलुक नै गरि धन्य धन्य ॥
आई दर्शँदि तटमा धनरत्न छर्दै
पाल्नू भयो प्रभु परंपद लाभ गर्दै ॥

१४२

पद्मासनै सहज कस्नु भएर फेरी
नासाग्रदृष्टि गरि अन्त कतै नहेरी ॥
प्राणै खिँचेर सतम शिर छेडि छेडी
पाल्नू भयो प्रभु परंपद उत्ति खेरी ॥

१४३

त्यस्तो अचम्मसित योग समाधिबाट
मोक्षै भई प्रभु तछोड्नु भएर गाथ ॥
आश्चर्यले चकित भै रुन सम्म छाडी ॥
टोल्हाउँदै अडिरहे गोरखाली सब ॥

१४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो महापुरुष को अब हुन्छ राजा
भन्दै कराइकन चाट पर्र ताजा ॥
चिच्याउँ दै विरहले गरि अश्रु पात
रोयो सबै मुलुक राजवियोगबाट ॥

१४५

श्री कान्छि रानि पनि ता सह गामिनी भै
पाल्नु भएर पति साथ सुहागिनी भै ॥
श्री छत्र साह युवराज अनी उहाँको
गद्दि चढेर हुनुभो प्रभु गोरखाको ॥

१४६

नाबालकै हुनु हुँदा प्रभु छत्रसाह
आफन्त ती छ थरले गरि हेरचाह ॥
थामे सबै थिति र राज्य त गोरखाको
त्यो राज भक्ति पनि साथ लिँदै प्रजाको ॥

१४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो गोरखालीहरूको दृढ राज भक्ति
देखेर आट्न मनले नसकेर हच्की ॥
सीमान्तमै वसि वसीकन लंजुँगे ती
जू था मुसारी अडिए बटुलेर शेखी ॥

१४८

सीमान्तमै वसि वसी त्यसरी कुरेको
त्यो दुष्टता बुझिन गै कन लंजुँगेको ॥
के वस्तथे चुपहुँदै अनि गोरखाली
झट्टी त्यतैतिर पुगे खुकुरी उचाली ॥

१४९

आई पुगे भिडिन नै अनि गोरखाली
ती दुष्टको अनि त साहस छुट्न थाली ॥
टिक्नै त्यहाँ न सकि भित्र घुसे तमाम
लुक्कै मुसा विल पसी दविए समान ।'

१५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा त बालक हुनू भइ आज हाम्रो
गर्छन् कि दुश्मन घुसेर कतै नरामो ॥
रक्षा गरौं, मुलुकको सब तर्फ हामी
भन्थे प्रजा त्यसबखत् हतियार तानि ॥

१५१

प्यारा उनै प्रभु पुरन्दर साहलाई
बिर्सेर बिर्सन यसै न सकेर हाई ॥
आशा गरी भनि भनी प्रभु छत्र साह
बस्थे प्रजा मुलुकको गरि हेर चाह ॥

१५२

राजा ठुला भइ समर्थ हुनन् प्रतापी
भन्ने यही हृदयमा अभिलाष राखी ॥
श्री द्रव्यसाह र पुरन्दर साह संझी
बस्तै थिए ति दुनियाँ सब संल्ही संल्ही ॥

१५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवं प्रकार सित नै दिन बित्न लागी
सातौँ बिनेर महिना अनि आठ लागि ॥
त्यो सन्निपात हुनगै शिशु गोरखेश
श्री छत्र साह पनि मुक्त हुनू भए छ ॥

१५४

हाहा गरीकन रुँदै अनि गोरखाली
राजा न भैकन त गद्दी भएर खाली ॥
दावा भयो मुलुकमा अब लंजुँगेको
भन्दै झुकेर मुलुकै पिरमा डुबेथ्यो ॥

१५५

श्री राम साह अधि राज कुमार हाम्रा
सल्यानमा यस बखत् हुनु हुन्छ राम्रा ॥
ज्यान्छौं उहाँकन लिनै, पिर के छ भन्दै
मंत्री हिँडे र अनि देश भयो प्रसन्नै ॥

१५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही बखत् अनि उतातिर जेठी रानी ॥
देवी स्वयं हुनु हुँदा सब हाल जानी
आफ्ना कुमारकन साथ लिएर आई
भेट्नु भयो लिन पुगे जति मंत्रीलाई ॥

१५७

पाऊ परीकन त मंत्रीहरू उहाँको
बिस्तार बिन्ति गरि हाल सबै यहाँको ॥
र जा बनाउन भनी प्रभु रामलाई
ती गोरखातिर फिर बहुतै रमाई ॥

१५८

राजा न पाइ पिरल्ल निहुरी रहेको
त्यो गोरखा मुलुक फेरि खुसी भएथ्यो ॥
ढोका र तोरण सजीकन धूम धाम
ती स्वागतै गरि झुके दुनियाँ तमाम ॥

१५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामावतार यिनि हुन् प्रभु राम हाम्रा
भन्दै प्रजा खुसि हुँदै मजिएर रामा ॥
जात्रा गरी सिँदूरको प्रभु रामलाई
भिज्याउँथे स्वहः भित्र खुशी मनाई ॥

१६०

साक्षात् उहाँ भगवती भनि राजमाता
छेकेर पाल्कि पनि घेरी दिँदै त्यहाँ, ता ॥
पाऊ परे खुशी हुँदै सब पौरनारी
हर्षाश्रु साथ कुसुमाञ्जलि छर्न थाली ॥

१६१

राजा उदाउनु भयो प्रभु राम भन्दै
हेर्दै मुहारतिर दंग परेर जम्बै ॥
रैतिहरू सडकमा उभिँदै तमाम
गर्दै थिए वरि परी निहुरी प्रणाम ॥

१६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो हर्षको चलि खब बिंजुली मरीको
निस्केर गाउँ घरबाट समेत छीटो ॥
रैतिहरू सहर भित्र पुगी हजारन्
भन्दै थिए जय रहोस् जय धन्य राजन् ! ॥

१६३

श्री राम फर्कनु हुँदा वन वासबाट
सारा प्रजा खुसि भए सरहँ त्यहाँत ॥
त्यो गोरखा शहरले प्रभु रामपाई
गर्दै थियो त्यसरि उत्सव रंरमाई ॥

१६४

ती अप्सरासरहका पुरसुन्दरीले
भ्यालै पिछे कुसुम वृष्टि गरी खुसीले ॥
स्वर्गै सरी त्यस बखत् भइ गोरखाको
शोभा बढेर फिँजिँदै सब तर्फ ढाक्यो ॥

१६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो पुष्प वृष्टि नभबाट भए समान
बिर्सर सर्सरि अहो ! सब ठाम ठाम ॥
मीठो सुगन्ध सहरै भरि मग मगाये
हावा पनो त्यसबखत् कति रंरमायो ॥

१६६

त्यो बाल मूर्ति हँसिलो प्रभु रामको त
हेंरी रहें पनि नजर्नअघाइ पां, त ॥
पाल्की पछी पछि कसै दुगुरेर आई,
मान्दै नथे ति दुनियाँ पछि हट्नलाई ॥

१६७

देखिन्छ लौ अलि उता प्रभुलाइ भन्दै
आफन्त साथिहरू लाइ पनि उछिन्दै ॥
बूढाहरू पनि त बालक झैं तमाम
झुल्दै थिए दुगुरि लट्ठ परे समान ॥

१६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चढ्दै थिए रूखकुनै अरू कोहि छाना
गर्दै थिए अरू यसै दुगुरेर धामा ॥
त्यो राज भक्ति दुनियाँहरुको तमाम
देखापर्‍यो त्यस बखत् भइ एकतमा ॥

१६९

यस्तै गरी मरहवाट बढी अगाडी
दर्वार भित्र हुन गै प्रभुको सवारी ॥
त्यो राज गद्दि बिच बस्नु भएर राजा
बज्दै थियो मधुर मंगल वाद्य बाजा ॥

१७०

चढेर उदयाद्रिका शिखर बाल-सुर्य्य सरी
उदाउनु हुँदै त्यहाँ नृपति राम गद्दी चढी ॥
भयो अब त भाग्यले प्रकट राम राज्यै भनी ॥
खिल्यो सकल गोरखा-मुलुक, पद्म जस्तै बनी ॥

१७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साह—वंश—महा—काव्य

तेश्रो सर्ग सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महालक्ष्मी प्रेस, क्षेत्र पाटी काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu